# मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

३ नं. प्रदेश, नेपाल

२०७३

## वालविकास सहयोगी कार्यकर्ता आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/१०/१७

यस गाउँपालिकाको आन्तरीक स्रोतवाट अनुदान उपलब्ध हुने गरी यस आ.व. मा सामुदायीक विद्यालयहरुमा स्थापना गरिएका बालविकास कक्षाहरुमा शिक्षण सिकाई गराउन सेवा करारमा वालविकास सहयोगी कार्यकर्ता आवश्यक भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुवाट यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

| विज्ञापन नं. | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | तलब तथा अन्य सुविधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १/२०७५/०७६ | १८ | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उतिर्ण | मासिक रु १०,०००।- | ५००।- |

- उमेर हद : १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको ।
- दरखास्त दिने स्थान : मरिण गाउँपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।
- निवेदन दिने अन्तिम म्याद : २०७५/११/०२ गते कार्यालय समय भित्र ।
- दरखास्ता साथ पेश गर्ने कागजातहरु : नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु । प्रारम्भिक वालविकास सम्बन्धी १६ दिने आधारभूत तालिम लिएको र दरखास्त फारम बुझाउने दिन सम्म बालविकास कक्षामा कम्तिमा १ वर्ष सम्म निरन्तर रुपमा काम गरेको भए सो सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु पनि पेश गर्नु पर्ने छ । शैक्षिक योग्यता तथा तालिम र अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैंले प्रमाणित गरि दरखास्त फारममा संलग्न गर्नु पर्ने छ ।
- विवाहित उम्मेदवारले अनिवार्य रुपमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- दरखास्त फारममा आफुले काम गर्न चाहेको कुनै १ (एक) विद्यालयको नाम लेख्नु पर्नेछ । १ (एक) भन्दा वढी विद्यालयको लागि दरखास्त दिन चाहने उम्मेदवारले छुट्टै दरखास्त फारम भर्नु पर्नेछ ।
- परीक्षाको किसिम :- लिखित तथा अर्न्तर्वाता
- अन्तिम मितिको भोलिपल्ट सम्पर्क मिति र सम्पर्क मितिको दिन लिखित परीक्षाको मिति तोकिनेछ ।
- लिखित परीक्षामा बस्तुगत बहुबैकल्पीक प्रश्नहरु सोधिने छ ।
- दरखास्त फारम यस गाउँपालिकाको वेव साइट www.marinmun.gov.np मा प्राप्त गर्न सकिनेछ ।
- **काम गर्नुपर्ने विद्यालयहरु** :- जनसहभागीता नि.मा.वि. चौकीटार, नि.मा.वि. तल्लो खन्जनीघाटा, शुकेश्वर नि.मा.वि. चनौटे, बालसाक्षर नि.मा.वि. मुङ्ग्रेदोभान, ठाकुरेश्वर नि.मा.वि. वेतपानी, प्राथमिक विद्यालय मधुवनी, जनकल्याण प्रा.वि. ठुलोगर्दुवा, चचुलाइदेवी प्रा.वि. सिन्दुरेदोभान, प्रा.वि. लामिदमार फुलवारी, प्राङवो समाज कल्याण प्रा.वि. भलायो, मिलिजुली प्रा.वि. साहान, चुरेमाता प्रा.वि. अम्वास, पंञ्चकन्या प्रा.वि. खन्जनीघलानचौर, जनसाक्षर प्रा.वि. सालुभन्ज्याङ, प्रा.वि. भुताहा, प्रा.वि. लहरेमाइस्थान, नमुना प्रा.वि. कपिलाकोट र नवज्योति प्रा.वि. धमिले ।
- विस्तृत जानकारी चाहिएमा **मरिण गाउँपालिका शिक्षा शाखामा** सम्पर्क राख्न सक्नुहुनेछ ।

२०७५/१०/१७